**नेपाल सरकार**
## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः-२०७९/८० चं.नं. ६५८

मिति २०७९/०६/११

**बिषय : परिपत्र सम्बन्धमा ।**

श्री स्थानीय तह, सबै ।

प्रस्तुत बिषयमा बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको मिति २०७९/०६/०५ च.नं. २६१ को पत्र यसै साथ संलग्न छ । सो पत्रमा उल्लेखित व्यहोरा अवगत गरी आवश्यक कार्यान्वयन गर्नु/गराउनु हुन मिति २०७९/०६/११ को निर्णयानुसार अनुरोध छ ।

मिरा आचार्य
उपसचिव

**बोधार्थः**
श्री सूचना तथा प्रविधि शाखाः **वेवसाइटमा अपलोड गर्नुहुन** ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

इमेलः internal.mgmt@mofaga.gov.np
"व्यवसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
फोन नं. : ४२४७९१२, ४२४७९१३
फ्याक्स नं. : ४२४९६०३
इमेल : mail@doc.gov.np
ववरमहल,
काठमाण्डौं

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 9303
दर्ता मिति:- ६/६

प.सं. : २०७९/०८०
च.नं. : २६१

मिति २०७९।०६।०५

विषयः "जागरुक उपभोक्ता, जिम्मेवार बिक्रेता" अभियानमा आवद्धता सम्बन्धमा ।

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

उपरोक्त सम्बन्धमा उपभोक्ताको हक हितको संरक्षणको क्षेत्रमा यस विभाग निरन्तर रुपमा क्रियाशिल रहेको र यस कार्यमा तहाँ मन्त्रालय तथा स्थानीय तहहरुबाट पनि निरन्तर समन्वय, सहयोग र सहकार्य भैरहेको नै छ ।

यसै क्रममा उपभोक्ता तथा बिक्रेतालाई थप सचेत एवम् जिम्मेवार बनाउँदै जाने हेतुले यस विभागले "जागरुक उपभोक्ता, जिम्मेवार बिक्रेता" शिर्षकमा विशेष सचेतना अभियान आरम्भ गरेको श्रीमान समक्ष सहर्ष जानकारी गराउँन चाहान्छु ।साथै यस सचेतना अभियानमा तहाँ मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई सदाझै सहकार्य गर्न; यसै पत्र साथ संलग्न सन्देशमूलक सूचनालाई सबै पालिकाहरुले आ-आफ्नो वेभसाइटमा राखिदिन; कार्यालयको सूचना पाटिको अलावा स्थानीय प्रमुख बजार केन्द्रहरुमा सबैले देख्ने गरी होडिङ बोर्ड/फ्लेक्स बनाई राखिदिन र ति कार्यालयहरुबाट हुने बजार अनुगमनको क्रममा यसै बमोजिमका प्यामप्लेट बनाई वितरण गर्ने लगायतका कार्य गर्ने गराउने प्रबन्ध मिलाउन आवश्यक निर्देशन दिनुहुन सादर अनुरोध छ ।

दर्ता नं.:- 253
दर्ता मिति:- 065/६/6

महेश भट्टराई
(महानिर्देशक)

# जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- विना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो; प्रवाह गर्नु बिक्रेताको कर्तव्य।
- आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रूपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो; हेर्न पाउनु उपभोक्ताको अधिकार।
- वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो; आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य।
- खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य।
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य।
- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौं। उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- बजारमा कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।
- खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो।

उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं; सोको आधार प्रमाण सहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (https://crmis.doc.gov.np; टोलफ्री नं. ११३७) वा जिल्ला प्रशासन कार्यालय वा .................. नगर/गाउँपालिका (Email: .......................................... फोन नं. ............) मा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौं।

उपभोक्ता हित संरक्षण अभियानमा -

मेरो सहकार्य ! तपाईंको सहकार्य !! हामी सबैको सहकार्य !!!

............. नगर/गाउँपालिका

नगर/गाउँ कार्यपालिकाको कार्यालय

.........................

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाण्डौं